# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल
(प्रशासन शाखा)

पत्र संख्या :- ०८०/०८१
चलानी नं.:- ३३५

मिति : २०८०/०५/२४

विषय : निर्णय कार्यन्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै (११ वटा),
मिथिला नगरपालिका, धनुषा

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) सिंहदरवार, काठमाडौंको प.सं.२०८०/८१ चलानी नं.१०८ मिति २०८०/०५/१३ गतेको आदेश कार्यन्वयन सम्बन्धि पत्र यसै पत्रसाथ संलग्न गरि आवश्यक कारवाहीको लागि पठाईएको व्यहोरा अनुरोध छ । साथै उपरोक्तानुसारको पत्र यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ ।

..............................
बसन्त न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:- २०८०/८१

चलानी नं.:- ९०८

मितिः- २०८०/०५/१८

विषयः- आदेश कार्यान्वयन सम्बन्धमा।

मिथिला नगरपालिका
ढल्केबर, धनुषा
दर्ता नं.:- ८२८
मिति. २०८०/०६/०१

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा फैसला कार्यान्वयन निर्देशनालयको च.नं. १०९ मिति २०८०/०५/१० को पत्रानुसार रिट निवेदक पदम बहादुर श्रेष्ठ र विपक्षी यस मन्त्रालय समेत भएको रिट नं. ०७५-WO-०८४३ को परमादेश रिट निवेदनमा सम्मानित श्री सर्वोच्च अदालतबाट मिति २०७६/०१/०८ मा जारी भएको आदेश कार्यान्वयन सम्बन्धी ताकेता पत्र जानकारीको लागि पठाइएको व्यहोरा अनुरोध छ।

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री फैसला कार्यान्वयन निर्देशनालय, बबरमहल, काठमाडौं।
श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

श्री सर्वोच्च अदालत
# फैसला कार्यान्वयन निर्देशनालय
बबरमहल काठमाडौं
फोन नं.: ०१-४२५९६०२
०१-४२४८२५१
वेबसाइट:www.supremecourt.gov.np
इमेल:jed@supremecourt.gov.np

पत्र संख्या :०८०/०८१
चलानी नं.: १०५

मिति २०८०/०५/१०

विषय: आदेश कार्यान्वयन सम्बन्धमा ताकेता ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ८८५
दर्ता मिति:- ५।१२

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरबार, काठमाण्डौ।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरबार, काठमाण्डौ।
श्री पशु सेवा विभाग, हरिहरभवन, ललितपुर।

उपरोक्त सम्बन्धमा निवेदक पदम बहादुर श्रेष्ठ र विपक्षी तहाँ मन्त्रालय समेत भएको रिट नं ०७५-WO-०८४३ को परमादेशको रिट निवेदनमा सम्मानित श्री सर्वोच्च अदालतबाट मिति २०७६/०१/०८ मा भएको आदेश कार्यान्वयनको सम्बन्धमा यस निर्देशनालयबाट पटक पटक पत्राचार गरी पछिल्लो पटक यस निर्देशनालयको च.नं. २५६ मिति २०७९/१०/१९ को पत्र मार्फत पत्राचार गरिएकोमा हालसम्म कुनै जवाफ प्राप्त भएको नदेखिँदा ताकेताका साथ प्रस्तुत पत्र लेखिँदैछ।

श्री सर्वोच्च अदालतको मिति २०७६/०१/०८ को आदेशमा "...संविधानतः राष्ट्रिय जनावर घोषित गाईसहित गोरु बाच्छा बाच्छीको संरक्षणसंग सम्बन्धित देखियो। माथि विभिन्न खण्डमा गरिएको विश्लेषणबाट यी जनावरहरुको संरक्षण धार्मिक र साँस्कृतिक रुपमा समेत अत्यन्त महत्वपूर्ण तथन पुनित कार्य देखिन्छ। यसमा पूर्ण समर्पण र तन्मयताका साथ कार्य गर्नु पर्ने दायित्व संविधान एव् कानुनी रुपमा समेत राज्यको हुंदा जँहा जँहा समस्या देखिएको छ। त्याँहाको प्रदेश तथा स्थानीय तहहरु समेतको सहकार्य, सहयोग र समन्वयमा त्यस्ता छाडा पशुको साथै किसानले पालिरहेका पशुपन्छीको तथ्याङ्क संकलन, पालिएका पशुहरु पहिचान हुन सक्ने गरी ट्यागिङ गर्ने र कम्पयूटर प्रविधिको माध्यमले समस्या ग्रस्त क्षेत्रमा पहिलो चरणमा र त्यस पछि देशैभरि पशुहरुको तथ्याक लिने ब्यस्था मिलाउने, किसानलाई गाई गोरु लगायतका पशुहरुको बिमा गर्न प्रोत्साहन तथा लाग्ने खर्चको निश्चित भाग अनुदानको रुपमा सहयोग गर्ने र सीमा पारिबाट गाई गोरु अबैध रुपमा भित्रिने अवस्था रहे त्यसको अन्त्य गर्ने आवश्यक देखिए कुटनितिक रुपमा पहल गर्ने, प्रत्येक नगरपालिका तथा गाँउपालिकाको तहमा बहुपक्षीय संलग्नता र समन्वयमा संरक्षण केन्द्र,अस्थायी स्याहार केन्द्र खोली छाडा छोडिएका गाई वस्तुहरुको स्याहार सम्भार हुने प्रवन्ध गर्ने, प्रत्येक स्थानीय तहमा सार्वजनिक जग्गाको संरक्षण गरी वैज्ञानिक रुपमा गौचरण व्यवस्थापन गर्ने र सामुदायिक वनहरुमा घाँसे रुखहरु रोपी हिउँदमा किसानहरुले सहजरुपमा घाँस पाउने ब्यवस्था मिलाउने,गाई गोरुको नस्ल र स्वास्थ्य समेत सुधार गरी ब्यसायिक रुपमा उपयोगी नस्लका गाई गोरु पाल्न र निवृत पशुको स्याहार गर्न किसानहरुलाई सहयोग र प्ररित गर्ने नेपालमा मात्र पाइने स्थानीय जातका गाईहरु लगायतका पशुहरुको आनुवांशिक विविधताको (Genetic Diversity) संरक्षण गर्न राष्ट्रिय रुपमा विशेष कार्यक्रम संचालन गर्न, गाई गोरुको हत्या अकाल मृत्यु आदिमा किसान वा संरक्षणको जिम्मा लिएको पदाधिकारी लगायत सो कार्यमा संलग्न कसैको नियत, हेलच्क्राई, लापरवाही वा उपेक्षा जिम्मेदार रहेको देखिए कानून बमोजिम कारवाही समेत हुन सक्ने हुँदा यो बिषयको प्रचार प्रसार गर्नुका साथै नियतवस गरिएको कारण कानून बमोजिम कारवाही समेत गर्नु पर्ने अवस्था देखिए कानून बमोजिम कारवाही गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ...।" भन्ने समेत व्यहोराको आदेश भएको देखिन्छ।

अतः श्री सर्वोच्च अदालतको मिति २०७६/०१/०८ को उक्त आदेशानुसारको कार्य सम्पन्न भइसकेको भए सोही व्यहोरा र कार्यान्वयनको चरणमा रहेको भए सोको प्रतिवेदन यस निर्देशनालयमा पठाईदिनुहुन निर्देशानुसार अनुरोध छ।

२०८०/५/१०
शोभा ढुङ्गाना
शाखा अधिकृत